नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २२१ २०७९ साल चैत २१ गते मंगलबार (4 Apr. 2023 Tuesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जयनगर-कुर्था रेल सेवा : आत्मनिर्भर३ पृष्ठमा : आहार नियन्त्रण र परिवर्तनले मस्तिष्केका ३ पृष्ठमा :बेरोजगारी र गरिबीका..

## प्रदेशसभा सदस्य सिंहद्वारा अस्पतालको आकस्मिक निरिक्षण

### अस्पतालले बिरामीलाई छिटोछरितो सेवा दिन अग्रसर हुनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

प्रदेशसभा सदस्य सतिश कुमार सिंहले सोमबार राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको आकस्मिक निरिक्षण गरेका छन् । सो क्रममा उनलाई बिरामीहरुले अस्पतालबाट छिटोछरितो सेवा नपाएको गुनासो गरे ।

अस्पतालमा आउने बिरामीहरुले पाउने निशुल्क औषधी र समयमा ल्याव रिपोर्ट नपाएको बताउँदै अस्पतालमा सेवा लिन आएका स्वास्थ बिमा गरेका बिरामीहरुले अस्पतालबाट निशुल्क औषधी नपाएको र बिरामीलाई स्लाईनका लागि पानी मात्र दिने बाहेक अन्य कुनै औषधी उपलब्ध नभएको गुनासो पनि गरे ।

अस्पताल भित्र रहेका बेडहरूमा वेड सिट नभएको र भएकोमा पनि वेड सिट पनि नियमित नफेरेको तथा सरसफाई पनि गरेको नपाइएको बिरामीहरुलाई उद्धृत गर्दै प्रदेशसभा सदस्य सिंहले संचारकर्मीलाई बताए ।

त्यस्तै ल्याबका कर्मचारीहरुको लापरवाही, व्यवहारका कारण बिरामीहरूले समयमा ल्यावको रिपोर्ट नपाउदाँ बिरामीहरूले सास्ती भाग्नुपरेको निरिक्षण क्रममा बिरामीहरूले गुनासो गरेको उनको भनाई थियो ।

रेडियोलोजिस्ट नहुदाँ अस्पतालमा सिटिस्क्यान, भिडियो एक्सरे केही दिनदेखि बन्द हुदाँ सेवा लिन बिरामीहरू समस्यामा परेको भन्दै त्यस्ता अत्यावश्यक उपकरणहरु संचालनमा ल्याउन अस्पताल प्रशासनले पहल गर्नु पर्ने बताए ।

उनले अस्पताल निरिक्षणको क्रममा देखिएका समस्याको बारेमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश प्रसाद साहलाई जानकारी गराएका थिए । डा. साहले अस्पताल प्रशासनले बिरामीहरूलाई छिटोछरितो र सहज सेवा दिन प्रतिबद्ध रहेको र रेडियोलोजिष्टको लागि बिभागवाट माँग गरेको जानकारी दिए ।

सो अवसरमा प्रदेशसभा संगै जनमत पार्टी नेता, अस्पतालका कर्मचारी, संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

अस्पतालको निरिक्षण गर्दै प्रदेश सभा सदस्य सिंहले अस्पताललाई स्तरोन्नती र सहयोगका लागि आफू सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् ।

## जनतमका केन्द्रिय सदस्य शर्मा मिटरब्याजीको आरोपमा पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

जनमत पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र शर्मालाई प्रहरीले मिटरब्याजीको आरोपमा सोमबार पक्राउ गरेको छ ।

सप्तरीको विष्णुपुर गाउँपालिका ७ निवासी हाल राजविराज ७ घर भएका शर्मालाई प्रहरीले राजविराजस्थित घरबाटै पक्राउ गरेको जनाएको छ ।

जिल्लाको बोदेवरसाइन नगरपालिका १० का निर्मलकुमार यादवले शर्मामाथि ईलाका प्रहरी कार्यालय कल्याणपुरमा आपराधिक विश्वासघात र ठगी मुद्दामा जाहेरी दिएको र अदालतबाट पक्राउ अनुमति प्राप्त भएपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।

प्रहरीका अनुसार जाहेरीकर्ता निर्मलका बुबा शंकर यादवले पक्राउ परेका सुरेन्द्रका बुबा सत्यनारायण शर्मासँग २०६६ सालमा घर खर्चका लागि भन्दै २५ लाख रुपैयाँ ऋण लिएका थिए । ऋण लिँदा शंकर यादवले सत्यनारायण शर्मालाई आफ्नो स्वामित्वको शम्भुनाथ नगरपालिका ७ स्थित ८ बिघा ७ कट्ठा ७ धुर जग्गा लिखत पास गरिदिएका थिए । सत्यनारायणले आफ्नो नाममा लिखत पास भइ आएको जग्गा छोरा सुरेन्द्रप्रसाद शर्माको नाममा पास गरिदिएका थिए । बुबा सत्यनारायणको निधन भइसकेको छ ।

यता ऋणीले पूरै ऋण चुक्ता गर्दा पनि सुरेन्द्रले जग्गा फिर्ता गर्न नमानेपछि प्रहरीमा जाहेरी परेको हो । पक्राउ परेका शर्मालाई स्याद थप गरी थप अनुसन्धान अघि बढाउने तयारी थालेको प्रहरी नायव उपरीक्षक सिंहले बताए ।

## उपनिर्वाचनका लागि उम्मेदवारी दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

आगामी वैशाख १० मा हुने उपनिर्वाचन अन्तर्गत प्रतिनिधिसभा सदस्यका लागि बारा २, चितवन २ र तनहुँ १ मा सोमबार उम्मेदवारी दर्ता कार्यक्रम सम्पन्न भएको छ ।

बारा २ बाट जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पार्टी नेता कार्यकर्तासहित निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएका हुन् । यादवको प्रस्तावकमा नवलकिशोर यादव र समर्थकमा नारायण यादव रहेका छन् ।

निर्वाचन कार्यालय पुगेका यादवलाई कांग्रेस, नेकपा समाजवादी, नेकपा माओवादी र लोकतान्त्रिक समाजवादी पार्टीको समर्थन छ ।

बारा २ बाट निर्वाचित जनता समाजवादी पार्टीका नेता रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि यहाँ पुनः निर्वाचन हुन लागेको हो ।

यसैगरि चितवन क्षेत्र नं २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले उम्मेदवारी दर्ता गराएका छन् । उनको प्रस्तावकमा सीता ज्ञवाली र समर्थकमा विक्रम श्रेष्ठ छन् ।

यस्तै तनहुँ क्षेत्र नं १ बाट नेपाली कांग्रेसका गोविन्द भट्टराईले उम्मेदवारी दर्ता गराएका छन् । सत्तारुढ गठबन्धनका साझा उम्मेदवार भट्टराईले उम्मेदवारी दर्ता गराएका हुन् । उनको प्रस्तावकमा कांग्रेस तनहुँका पूर्वसभापति रघुनाथ पौडेल र समर्थकमा नेपाली कांग्रेस महासमिति सदस्य एवं गण्डकी प्रदेश कार्य समिति सदस्य सरिता गुरुङ छन् ।

## दुई महिलाद्वारा विषादी सेवन

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरीमा सोमबार दुई महिलाले विषादी सेवन गरि आत्महत्याको प्रयास गरेकी छिन् ।

जिल्लामा झुण्डिएर आत्महत्या गर्नेको संख्यामा बढ्दै गर्दा अहिले केही दिनयता विषादी सेवन गरि आत्महत्या गर्नेको संख्यामा पनि बृद्धि हुँदै गएको छ ।

पछिल्लो पटक सोमबार जिल्लाको महादेवा गाउँपालिका ४ गडहा टोल बस्ने ओमप्रकाश मिश्रकी ३५ वर्षिया श्रीमती मनिता देबि मिश्रले विषादी सेवन गर्दा बिरामी भएको प्रहरीले जनाएको छ ।

उनको भारदह अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि धरान घोपा अस्पताल तर्फ पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सोमबारै सोही गाउँपालिका ६ निवासी दुर्गानन्द चौहानकी २२ वर्षिया श्रीमती सुबिता कुमारीले घरायसी वादबिवादका कारण मुसा मार्ने बिषादी सेवन गरेको प्रहरीले जनाएको छ । सो विषादी सेवनका कारण बिरामी हुँदा उनको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहेको छ । प्रहरीले दुबै घटना सम्बन्धमा थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

## सहकारी व्यवसायको संरक्षणमा र प्रवर्द्धनमा राज्य गम्भीर छैन् : पूर्व गृहराज्यमन्त्री बास्कोटा




**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सोमबार जिल्ला सहकारी संघ सप्तरीले राजविराजमा र्‍याली, झाँकी प्रदर्शन तथा अन्तरक्रिया गरि मनाएको छ ।

आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका केन्द्रिय सल्लाहकार तथा पूर्व गृहराज्यमन्त्री दिपक कुमार बास्कोटाले सहकारी व्यवसायको संरक्षणमा र प्रवर्द्धनमा राज्य गम्भीर नभएको आरोप लगाएका छन् ।

कार्यक्रममा बोल्दै पूर्व गृहराज्यमन्त्री सापकोटाले सहकारीको संरक्षण र प्रवर्द्धनमा सरकार गम्भीर हुनुपर्नेमा भन्दै देशको अर्थतन्त्रलाई उकास्न सहयोग पुऱ्याउने सहकारी व्यवासायको संरक्षण र प्रवर्द्धनमा देशको तिनै तहका सरकार गम्भीर हुनु पर्नेमा जोड दिए ।

सहकारी संस्थाहरुको विरुद्ध खुलेयाम षड्यन्त्र हुदा समेत सरकारले टुलुटुलु हेरर बसिरकेको आरोप लगाउँदै उनले सहकारी संस्थाको हक अधिकार सुनिश्चितताका लागि सहकारीकर्मीहरु एकजुट हुनु जरुरी रहेको उल्लेख गरे ।

जिल्ला सहकारी संघ सप्तरीका अध्यक्ष विनोद कुमार दत्तको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साह, राष्ट्रिय सहकारी बैंक संचालक एवम् मधेश प्रदेश संयोजक विश्वनाथ मण्डल, राष्ट्रिय सहकारी बैंक राजविराजा शाखा समन्वय उपसमिति संयोजक गणेश कुमार आस, तिरुहुत गाउँपालिकाका अध्यक्ष विजय प्रसाद यादव, कृषि विश्वविद्यालयका रजिस्ट्रार डा. भगवान ठाकुर, सप्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष दुर्गानन्द साह, केन्द्रिय पशुपंक्षि सहकारी संस्थाका केन्द्रिय सदस्य तेज नारायण यादव, जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड सप्तरीका अध्यक्ष दिपेन्द्र आचार्य, त्रियुगा बहुमुखी सहकारी संस्था फत्तेपुरका अध्यक्ष चन्द्रशेखर चौधरी लगायतकाले सहकारी संस्थाको विकासमा सरकारी स्तरवाट नीति निर्माण गर्नुपर्ने धारणा राखेका थिए ।

जिल्ला सहकारी संघका सप्तरीका लेखा संयोजक सचिन्द्र दासद्वारा संचालित कार्यक्रममा स्वागत उपाध्यक्ष सविता न्यौपानेले गरेकी थिइन् ।

यसअघि स्थानिय शिव मन्दिरमा भेला भएका जिल्लाभरीका सहकारीकर्मीहरुले विभिन्न नारा लेखिएको प्लेकार्ड तथा झाँकीसहित प्रभातफेरी निकालेर नगरपालिका परिक्रमा गरेका थिए ।

## सम्पादकीय

### खानपिनमा ध्यान दिऔं

अहिले हामी अति व्यस्त जिवन बाचिरहेका छौं । यसबीच खानपिनका कारण विभिन्न रोगहरुसँग समेत जुद्धिरहेका छौं । खानपिनमा ख्याल गर्न नसकेमा हामीलाई अकालमै विभिन्न रोगहरुको सामना गर्नपरिरहेको छ । जिल्लाका विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणहरुको स्वास्थ्यलाई सिधै हानि पुऱ्याउने खालका खानेकुराहरु विक्रि वितरण हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले नगरमा यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ । अधिकांश होटलहरुमा पाईने खानेकुराहरु न त छोपेको हुन्छ, न त स्वच्छ र सफा नै, तर पनि आमउपभोक्ताहरु रहर होईन बाध्यता भुख लागेको खण्डमा ती बाँसी तथा सडेगलेका खानेकुराहरु खादै आएका छन् ।

हामी आफैं यस्ता खानेकुरा प्रति ध्यान दिन सकेनौं भने बिरामी भई उपचारमै सम्पत्ति खर्च हुने तथा परिवारलाई दुःख हुने कुरामा दुईमत नहोला । यसबाहेक सर्वसाधारणको स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरु प्रति सम्बन्धित निकायले पनि नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्ने जरुरी देखिन्छ ।

# जयनगर-कुर्था रेल सेवा : आत्मनिर्भर बनाउने योजना बनाइँदै

**राजु विश्वकर्मा**
वीरगञ्ज, २० चैत (रासस) ।

जयनगर-कुर्था खण्डमा नियमित रेल सेवा सञ्चालन भएको सोमबार एक वर्ष पूरा भएको छ ।

गत २०७८ साल चैत १९ गते नेपालका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गरेपछि चैत २० गतेदेखि सो खण्डमा नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ । जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेल्वे मार्गमा अहिले दैनिक दुई आउने र दुई पटक जाने गरेको छ ।

रेल सेवा सुरु हुनुअघि रेलमा यात्रु हुन्छ कि हुँदैन भन्ने आशङ्काका बीच सुरु भएको रेल सेवामा यात्रा गर्ने यात्रुको चाप बढ्दै गएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । "सुरु हुँदा थुप्रै आशङ्का थियो", नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जनकुमार झाले भन्नुभयो, "तर अहिले सबै शङ्का र आशङ्का हट्दै गएको छ, रेलमा यात्रुको चाप दैनिक बढ्दै गएको छ ।" एक वर्ष रेल नियमित सञ्चालन गर्न सफल हुँदा नेपाली रेल्वे सेवालाई आत्मनिर्भर बनाउन आत्मविश्वास जागेको उहाँको भनाइ छ ।

नेपालमा रेल सञ्चालनका लागि भारतीय जनशक्ति र भारतमै इन्धन भर्नुपर्ने बाध्यताबाट मुक्त गरी नेपाली रेल सेवालाई आत्मनिर्भर बनाउन नेपाल रेल्वे कम्पनीले विभिन्न योजनाअघि बढाएको महाप्रबन्धक झाले बताउनुभयो । तत्काल स्थायी कर्मचारीको सङ्गठन संरचना निर्माण, वासिङ सेन्टर र र फचुल सेन्टर निर्माण तथा जयनगर कुर्था खण्डमा कार्गो रेल सेवा सञ्चालनको तयारी सुरु गरिएको महाप्रबन्धक झाले बताउनुभयो ।

नेपाल रेल्वे कम्पनीको आफ्नो वासिङ सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने र अहिले रेलको वासिङ गराउन मात्र भारतमा वार्षिक रु पाँच करोडभन्दा बढी रकम खर्च गर्दै आएको छ ।

"नियमित रेल सेवा सञ्चालन हुँदै आए पनि आफ्नो वासिङ सेन्टर र फचुल सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने अवस्था छ", नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झाले भन्नुभयो, "यसका कारण हामीले वासिङमा मात्र बर्सेनि रु पाँच करोड खर्चिँदै आएका छौं ।" भारतमा फचुल भराउँदा २८ प्रतिशत कर तिर्नुपर्ने अवस्था छ, यसबाट हामी बर्सेनि ठूलो रकम खर्चिन बाध्य छौं उहाँको भनाइ छ ।

"नेपाल रेल्वे कम्पनीले आफ्नो वासिङ सेन्टर र फचुल सेन्टर स्थापना गर्न सकिए वार्षिक करिब रु सात करोडभन्दा बढी रकम बचत हुन सक्छ", उहाँले भन्नुभयो, "त्यसका लागि हामीले योजना बनाएर अघि बढेका छौं, नेपालमै वासिङ सेन्टर र फचुल सेन्टर निर्माण गर्ने योजना तयार पारेका छौं ।" नेपाली रेल सञ्चालन गर्न नेपाली जनशक्ति नहुँदा अहिले भारतीय जनशक्तिबाट रेल सञ्चालन हुँदै आएको छ ।

"नेपाल रेल्वे कम्पनीमा २६ जना भारतीय कर्मचारी कार्यरत छन्", महाप्रबन्धक झाले भन्नुभयो, "भारतीय कर्मचारीको तलब, रेलको मेन्टिनेन्स, सामान खरिदलगायतमा वार्षिक रु ४८ करोड भारतीय भारतीय रेल्वे कम्पनीलाई तिर्नुपर्ने अवस्था छ ।" हामीसँग आफ्नो नेपाली चालक छैन, त्यसैले भारतीय चालकले नै रेल चलाउँदै आएको छ त्यसबापत उहाँहरूलाई तलबबापत मात्रै मासिक रु १८ लाख तिर्नुपर्ने स्थिति रहेको उहाँको भनाइ छ ।

"हामीले तत्काल स्थायी प्रकृतिको कर्मचारी माग गरेका छौं, आएपछि उहाँहरूलाई तालिम दिएर दक्ष बनाइने योजना अघि बढाएका छौं", उहाँले भन्नुभयो", जसले गर्दा भारतीय जनशक्ति नै निर्भर हुनुपर्ने अवस्था रहँदैन, नेपाली नै रल चलाउन सक्छ ।" जयनगरबाट कुर्था र कुर्थाबाट जयनगर दिनमा दुई पटक आउने जाने गर्दै आएको रेलबाट दैनिक रु दुई लाख पाँच हजार आम्दानी हुँदै आएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । रेलबाट वार्षिक रु आठ करोड आम्दानी हुँदा खर्च भने रु ५० करोड जति हुँदै आएको महाप्रबन्धक झाले बताउनुभयो ।

अहिले नेपाल सरकारले भारतीय रेल्वे कम्पनी कार्पोरेशन (कोङकण) लाई वार्षिक रु ४८ करोड तिर्नुपर्ने सम्झौता भएको महाप्रबन्धक झाको भनाइ छ । रेल सञ्चालन भएदेखि रेल घाटा नगए पनि सम्झौता अनुसार भारतीय रेल्वे कम्पनीलाई रु ४८ करोड तिर्नुपर्ने भएकाले समस्यामा परेको महाप्रबन्धक झाले बताउनुभयो । त्यसैले जयनगर-कुर्था खण्डमा यात्रुबाहक रेल सेवासँगै कार्गो रेल सेवा सञ्चालन गर्ने तयारीमा जुटेको उहाँको भनाइ छ ।

"संसारमा कही पनि यात्रुबाहक रेल मात्र चलाएर रेल सेवा फाइदामा गएको इतिहास छैन, रेल सेवालाई फाइदामा लैजान कार्गो सेवा नै चलाउनुपर्छ", महाप्रबन्धक झाले भन्नुभयो, "त्यसैले हामी केही समयपछि कार्गो रेल सेवा पनि चलाउँछौं, त्यसका लागि तयारी थालिसकेका छौं ।"

हाल जयनगरबाट ८:३० र ३ बजे छुट्ने गर्छ भने कुर्थाबाट १०:३० र ५:१५ मा अर्को रेल छुट्ने गरेको छ । रेल चल्न थालेसँगै जनकपुरसहित मधेस प्रदेशको पर्यटन, धार्मिक क्षेत्रको विकास र स्थानीय उत्पादनको निर्यात बढेको जनकपुरधामका व्यापारी रोशन साहको भनाइ छ ।

जयनगर कुर्था खण्डमा रेल रोकेर यात्रु चढाउन र झार्नका लागि सात ठाउँमा स्टेसन/हल्ट रहेका छन् । तीनमा कुर्था, परवाहा, बैदेही, महिनाथपुर, खजुरी, इनर्वा र जयनगर छन् । भारतको सरकारी कम्पनीमार्फत रेल सेट खरिद गरेर करिब तीन वर्षअघि नेपाल आइपुगे पनि विभिन्न समस्याका कारण सञ्चालन हुनसकेको थिएन । कहिले कर्मचारी नहुने त कहिले कानुनको अभावले गर्दा लामो समय रेल सेट उसै थन्किएको थियो । अहिले दुवै सेट रेल सञ्चालनमा छ ।

जयनगर-बर्दिबास रेलमार्गअन्तर्गत धनुषाको कुर्थादेखि महोत्तरीको बिजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । कुर्थादेखि बिजलपुरासम्म रेलमार्गको ट्रयाक निर्माणको मुख्य कार्य सम्पन्न भइसकेकाले केही दिनभित्रै भारतीय निर्माण कम्पनीले नेपाल रेल्वे कम्पनीलाई ट्रयाक हस्तान्तरण गर्ने नेपाल रेल्वे कम्पनीका इन्जिनियर रवीन्द्र साहले बताउनुभयो । "रेल्वे ट्रयाक हामीलाई हस्तान्तरण हुने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "त्यो हस्तान्तरण भएसँगै हामी बिजलपुरासम्म रेल गुडाउँछौं ।" केही दिनअघि कुर्थादेखि बिजलपुरासम्म रेल गुडाएर परीक्षणसमेत गरिएको थियो ।

बिजलपुरादेखि बर्दिबाससम्मको १८ किलो मिटर रेलमार्ग निर्माणमा जग्गा मुआब्जा विवाद बाधक बन्दा समस्या भएको छ । "जग्गा मुआब्जाको समस्यालगायतका कारण बिजलपुरा भङ्गाहादेखि बर्दिबाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको", उहाँले भन्नुभयो, "कतिपय ठाउँमा व्यवहारिकरुपमा रोड देखिएको छ, तर नक्सामा रोड छैन तैपनि स्थानीयले मुआब्जा मागिरहेका छन्", कतिपय ठाउँमा ऐलानी जग्गामा दलित बस्ती छन्, उहाँहरूसँग कुनै कागज छैन तर पनि उहाँहरू मुआब्जा मागेर विवाद गरिरहेका छन्, जसका कारण रेल्वे ट्रयाक निर्माणको काम गर्न समस्या भएको हो, उहाँको कथन छ ।

"त्यसैले आफूहरू चाहे पनि समस्या समाधान गर्न सकिरहेको छैन", इन्जिनियर साहले भन्नुभयो, "मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिबाससम्म रेल चल्न थाल्छ ।" मुख्यतः हामीलाई रेलमार्ग निर्माणका लागि अहिलेदेखि ठूलो समस्या यही नै हो, उहाँको भनाइ थियो ।

रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा भएको द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार २०११ माघ महिनामा निर्माणको थालनी भएको थियो । ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुईवटा निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

यस्तै भारतको रक्सौलदेखि काठमाडौंसम्मको रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत निर्माण भइरहेको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आहार नियन्त्रण र परिवर्तनले मस्तिष्कको कार्यक्षमतामा प्रभाव पार्छ : अध्ययन

वासिङ्टन, २० चैत (रासस/एएनआई)।

आहार नियन्त्रण र परिवर्तन (डाइटिङ)ले मस्तिष्कमा सञ्चार परिवर्तन हुने एक अमेरिकी अनुसन्धान रिपोर्टले देखाएको छ। म्याक्स प्लाङ्क इन्स्टिच्युट फर मेटाबोलिज्म रिसर्च र हार्वर्ड मेडिकल स्कूलका अनुसन्धाताहरूले मुसामा गरेको अनुसन्धानका क्रममा यो पुष्टि गरिएको हो।

डाइटिङका कारण भोकको भावनालाई मध्यस्थता गर्ने स्नायु कोषहरूले मस्तिष्क सञ्चार परिवर्तनको बलियो सङ्केत प्राप्त गर्छन्, जसले गर्दा मुसाहरूले आहार नियन्त्रणपछि धेरै खान्छन् र छिटो वजन बढाउँछन्। दीर्घकालीन रूपमा, यी निष्कर्षहरूले यो प्रवर्धन रोक्न औषधिहरू विकास गर्न मद्दत गर्न सक्छ र आहार नियन्त्रणपछि शरीरको वजन कम गर्न मद्दत गर्दछ।

“मानिसहरूले मुख्यतया डाइटिङको अल्पकालीन प्रभावलाई हेरेका छन्। हामी दीर्घकालीन रूपमा मस्तिष्कमा के परिवर्तन हुन्छ भनेर हेर्न चाहन्थ्यौं,” संस्थाका अनुसन्धाता हेनिङ फेन्सेलाउ भन्नुभयो। यसका लागि अनुसन्धानकर्ताहरूले मुसालाई आहार नियन्त्रणको अध्ययनका लागि छाने र मस्तिष्कमा कुन कोष परिवर्तन भयो भनेर मूल्याङ्कन गरे। विशेष गरी, उनीहरूले हाइपोथैलेमस नामक मस्तिष्कको केन्द्रभागमा रहेको सानो भाग र एजीआरपी न्यूरोन्स (कोष)को एक समूहको परीक्षण गरेको बताए।

हाइपोथैलेमसले मुटुको गतिविधि, शरीरको तापक्रम, भोक, निद्रा र ब्युझिनेलाई नियमन गर्छ भने एजीआरपी न्यूरोन्सले भोकको भावनालाई नियन्त्रण गर्छ। उनीहरूले एजीआरपी न्यूरोन्सलाई उत्तेजित गर्ने न्यूरोनले मुसाहरू आहार नियन्त्रणमा हुँदा तौल बढेको सङ्केतहरू पठाएका जानकारी प्राप्त गरेका थिए। मस्तिष्कमा हुने यो गहिरो परिवर्तन आहार नियन्त्रणको लामो समयपछि पत्ता लगाउन सकिन्छ। यो-यो प्रभावलाई रोक्न अनुसन्धानकर्ताहरूले एजीआरपी न्यूरोन्स सक्रिय हुने मुसाहरूमा तन्त्रिका मार्गहरू चयन गर्न पनि सफल भए। यसले गर्दा आहारपछि तौल निकै कम भयो।

फेन्सेलाउ भन्नुहुन्छ, “दीर्घकालमा, हाम्रो लक्ष्य मानवका लागि उपचारहरू फेला पार्नु हो जसले डाइटिङ पछि शरीरको वजन घटाउन मद्दत गर्न सक्छ। यसको परिपक्व नतिजा प्राप्त गर्न, हामीले अन्वेषणलाई जारी राख्नेछौं र हामी कसरी मानवमा तन्त्रिका मार्गहरूको सुदृढीकरणको मध्यस्थता गर्ने संयन्त्रहरू रोक्न सक्छौं भन्ने पत्ता लगाउनेछौं। “यो कामले तन्त्रिकामा फैलिएका कोष तथा रेखाचित्रले भोकलाई कसरी नियन्त्रण गर्दछ भन्ने कुराको जानकारी गराउँछ। हामीले पहिले माथिल्ला भागको न्यूरोन्सको एक प्रमुख सेट पत्ता लगाएका थियौं जुन शारीरिक रूपमा एजीआरपी न्यूरोन्समा उत्तेजित गर्दछ।

“हाम्रो वर्तमान अध्ययनमा, हामीले पत्ता लगायौं कि यी दुई न्यूरोन्सबीचको भौतिक न्यूरोट्रान्समीटर जडान, सिनाप्टिक प्लास्टिसिटी नामक प्रक्रियामा, डाइटिंग र वजन घटाउँदा धेरै बढ्छ, र यसले लामो समयसम्म अत्यधिक भोक निम्त्याउँछ,” हार्वर्ड मेडिकल स्कूलका सह-लेखक ब्राडफोर्ड लोवेलले भन्नुभयो।

# दश हजार विदेशी श्रमिक नेपालमा, सबैभन्दा बढी चिनियाँ

काठमाडौं, २० चैत (रासस)।

नेपालका ठूला परियोजनामा देखिएको दक्ष श्रमिकको अभाव विदेशबाट पूर्ति हुँदै आएको छ। यहाँ सञ्चालित विभिन्न परियोजनामा आवश्यक दक्ष श्रमिकको आपूर्ति विदेशबाट हुँदै आएको सरकारी तथ्याङ्कले देखाएको छ।

विदेशी श्रमिकलाई नेपालमा काम गर्ने इजाजत दिँदै आएको श्रम तथा व्यवसायजन्य विभागका अनुसार अहिले त्यस्ता परियोजनामा करिब एक सय भन्दाबढी मुलुकका श्रमिक कार्यरत छन्। नेपालमा सबैभन्दा बढी चिनियाँ श्रमिक छन्। बेलायत, अमेरिका, दक्षिण कोरिया, भारत, जापानलगायत मुलुकका श्रमिकको सङ्ख्या पनि उल्लेख्य छ। सन् २०१७ यता सबैभन्दा बढी सात हजार पाँच सय चिनियाँ नागरिकले श्रम इजाजत लिएर नेपालमा काम गरेका छन्। दुई हजार चार सय ९५ पुराना (नवीकरण) र पाँच हजार २४ नयाँ चिनियाँ श्रमिकले श्रम इजाजत लिएका छन्।

संयुक्त अधिराज्यका चार सय ८८, संयुक्तराज्य अमेरिकाका तीन सय ३२, दक्षिण कोरियाका दुई सय ४०, भारतका दुई सय ३०, जापानका एक सय ९०, अष्ट्रेलियाका एक सय १६, श्रीलङ्काका एक सय १३, जर्मनीका ९८, इटालीका ८२, फ्रान्स र फिलिपिन्सका ७९/७९ तथा बङ्गलादेशका ५६ श्रमिक कार्यरत रहेका विभागको तथ्याङ्कमा उल्लेख छ।

विभागका महानिर्देशक कृष्णप्रसाद ज्ञवालीले विदेशी दक्ष श्रमिकले नेपालमा अनुमति लिएर काम गर्दै आएको बताउनुभयो। नेपालमा सञ्चालित चिनियाँ परियोजनाको सङ्ख्या बढी भएकाले यहाँ काम गर्ने चिनियाँ श्रमिकको सङ्ख्या अन्य मुलुकको तुलनामा बढी देखिएको उहाँको भनाइ छ। “नेपालमा धेरै चिनियाँ प्रोजेक्ट सञ्चालित छन्, द्रुतमार्ग, सडक, जलविद्युत्, भूकम्पपछिको पुनःनिर्माणका परियोजना तथा विभिन्न ठेक्कामा चिनियाँ श्रमिकको संलग्नता रहको छ”, उहाँले भन्नुभयो।

प्रोजेक्ट इन्जिनियर, सुरुङ तथा हाइड्रो इन्जिनियर, विभिन्न गैरसरकारी संस्था, पाइटल, मेन्टिनेन्स इन्जिनियर, मेकानिकलगायत प्राविधिक पदमा विदेशी श्रमिक संलग्न हुने गरेको विभागले जनाएको छ। रोजगारदाताले कुनै विदेशी नागरिकलाई काममा लगाउँदा विदेशी नागरिक राख्नका लागि विभागबाट श्रम इजाजत लिनुपर्ने व्यवस्था छ। विभागले विदेशी नागरिकको श्रम इजाजत व्यवस्थापनसम्बन्धी निर्देशिका-२०७५ अनुसार विदेशी श्रमिकलाई श्रम इजाजत दिँदै आएको छ।

**गृहको कार्य सहमतिका आधारमा श्रम स्वीकृति**

नेपालमा काम गर्न आउने विदेशी श्रमिकलाई सम्बन्धित मन्त्रालयको सिफारिश र गृह मन्त्रालयका कार्य सहमतिका आधारमा मात्रै श्रम स्वीकृति दिइँदै आइएको विभागका महानिर्देशक ज्ञवालीले जानकारी दिनुभयो।

“नेपालमा श्रम गर्नका लागि कामसँग सम्बन्धित मन्त्रालको सिफारिस र गृह मन्त्रालयको कार्यसहमति लिनुपर्ने व्यवस्था छ”, उहाँले भन्नुभयो, “सोही आधारमा विभागले उपलब्ध गराएको श्रम इजाजतपछि मात्र अध्यागमन विभागले श्रमिकलाई प्रवेशाज्ञा दिने गर्छ।”

विभागले विदेशी श्रमिकलाई एक वर्षका लागि श्रम इजाजत दिने गरेको छ। प्रत्येक वर्ष श्रम इजाजत नवीकरण गर्नुपर्छ। विशिष्ट दक्ष प्राविधिक श्रमिकको

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोबर मल प्रयोग गर्ने वा १७ के जी डि. ए.पी र १ के जी यूरियापति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्लको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाङ्कटन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहुको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

# बेरोजगारी र गरिबीका कारण दैनिक सयौं अफगान विदेश पलायन हुन बाध्य

काबुल, २० चैत (रासस/सिन्ह्वा)।

तालिवानको शासनकालमा अफगानिस्तानमा गरिबी र बेरोजगारीको उच्च दरका कारण त्यहाँका बासिन्दाहरू रोजगारी खोज्न देश छोडेर विदेश जान बाध्य हुने गरेका टोलोन्यूजले जनाएको छ। त्यहाँका नागरिकले आफ्नो परिवारको पेट पाल्नका लागि गैरकानुनी रूपमा रोजगारीको लागि विदेश पलायन हुन बाध्य भएको बताएका छन्।

सन् २०२१ को अगष्टमा तालिबानले अफगानिस्तानमाथि कब्जा जमाएपछि देशमा मानवीय सङ्कट धेरै गुणा बढेको छ। तालिवानको कडा प्रतिबन्धका कारण मानिसहरू बाँच्नका लागि देश छोडेर विदेशिनु परेको हो।

हेरातका बासिन्दा अब्दुल खालिकले देशको दयनीय अवस्था र आर्थिक मन्दीप्रति दुःख व्यक्त गर्दै भन्नुभयो, “मलाई अफगानी सौर्य वर्ष १३९१ देखि अहिलेसम्म १६ पटक निर्वासित गरिएको छ। हामी कमजोर छौं र समस्यासँग जुधिरहेका छौं र हामीलाई बाहिर जान बाध्य पारिएको छ।”

टोलोन्यूजका अनुसार बाघलाननिवासी नादिर आफ्नो पाँच जनाको परिवारका साथ अवैध रूपमा सीमा पार गरेर इरान जान खोजिरहेका छन्। नादिरले भन्नुभयो, “यदि अफगानिस्तानमा रोटीको टुक्रा पाउन सकिन्थ्यो भने हामी किन अन्य देशमा जान्थ्यौं, हामी किन आफूलाई विस्थापित गरेर यो कठिन र खतरनाक बाटोमा जान्छौं?” नादिरका छोरा ताहिरले भन्नुभयो, “मेरी आमा अपाङ्ग भइसक्नुभएको छ र मैले उहाँको उपचारको लागि केही पैसा कमाउन विद्यालय जान छोडेको छु।”

तालिवानका शरणार्थी तथा स्वदेश फिर्ती मन्त्री खलील रहमान हक्कानीले मानव तस्करले अफगान गरिब जनतालाई देश छोड्न उक्साउने गरेको दाबी गरेका छन्। तालिवान नेतृत्वको सरकारले अफगानिस्तानमा सत्ता आफ्नो नियन्त्रणमा लिएपछि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूले यस समूहको दमनको नीतिको आलोचना गर्दै आएका छन्। यसले गरिबी, बेरोजगारी र अतिवादलाई बढावा दिने, आतङ्कवादीहरूलाई प्रश्रय दिने र विश्व शान्ति र सुरक्षालाई खतरामा पार्ने उनीहरूले बताएका छन्।

# साउदी अरबले दैनिक पाँच लाख ब्यारेल तेल उत्पादन कटौती गर्ने

रियाद, २० चैत (रासस/एएनआई)।

साउदी अरबको ऊर्जा मन्त्रालयले मे देखि सन् २०२३ को अन्त्यसम्म दैनिक पाँच लाख ब्यारेल तेल कटौती गर्ने घोषणा गरेको छ।

पेट्रोलियम निर्यातक राष्ट्रहरूको सङ्गठन (ओपेक) का केही अन्य देशहरू र सहयोगको घोषणापत्रमा ओपेक सहभागी नभएका देशहरूको समन्वयमा उत्पादन कटौती गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

स्वैच्छिक कटौती ३३ औं ओपेक र गैर-ओपेक मन्त्रीस्तरीय बैठकमा सहमति भएको उत्पादनमा अतिरिक्त कटौती हो।

मन्त्रालयले यो निर्णय विश्वव्यापी तेल बजारको स्थिरतालाई समर्थन गर्ने उद्देश्यले सावधानीको उपाय भएको जनाएको छ।

# मार्चमा पाकिस्तानको मुद्रास्फीति ५० बर्ष यताकै सबैभन्दा उच्च

इस्लामावाद, २० चैत (रासस/एएनआई)।

सन् १९६५ को जुलाईपछि मार्च महिनामा दक्षिण एसियाली मुलुक पाकिस्तानको मुद्रास्फीति पहिलो पटक सबैभन्दा उच्च मापन गरिएको छ। उच्च आधार प्रभावका कारण देशमा मुद्रास्फीतिको जारी प्रवृत्ति कम्तिमा आगामी दुई महिनासम्म जारी रहने र जूनदेखि घट्ने अनुमान विज्ञहरूको छ। गहुँ र फलफूलको मूल्यमा भएको वृद्धिले मुद्रास्फीतिमा योगदान पुर्‍याएको र मुस्लिमधर्मावलम्बीको पवित्र महिना रमजानमा खाद्य वस्तुको उच्च मागका कारण पनि महँगी बढेको विज्ञहरूले बताएका छन्।

मुद्रास्फीति गत वर्षको मार्चमा भन्दा ३५.४ प्रतिशतले बढेको गत शनिबार सार्वजनिक सरकारी तथ्याङ्कले देखाएको छ। उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) ले मापन गरेको पाकिस्तानको मुद्रास्फीति गत वर्षको सोही महिनाको तुलनामा मार्चसम्ममा अत्यधिक बढेको हो। मार्च २०२२ मा मुद्रास्फीति १२.७ प्रतिशत रहेको पाकिस्तान तथ्याङ्क ब्यूरो (पीबीएस) का मोहम्मद मजहरले बताउनुभयो।

पीबीएसका अनुसार, मासिक आधारमा उपभोक्ता मूल्य सूचकाङ्क मार्चमा ३.७ प्रतिशत बढेको छ। फेब्रुअरीमा उपभोक्ता मूल्य सूचकाङ्कमा ४.३ प्रतिशतको वृद्धि भएको थियो। कोभिड-१९ का कारण थला परेको विश्व अर्थतन्त्र र रूससे युक्रेनमा गत बर्षदेखि शुरू गरेको युद्धका कारण पाकिस्तानलगायत विश्वका धेरै मुलुकको मुद्रास्फीतिका लागि जिम्मेवार रहेको मान्ने गरिएको छ।

# पालिका स्तरीय क्रिकेट प्रतियोगिताको फाइनलमा कोइलाडी र को. बर्साइन भिड्ने



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गाउँपालिका स्तरीय टी ट्वान्टी क्रिकेट प्रतियोगिताको फाइनलमा वडा नं. ४ कोइलाडी र वडा नं. ५ को. बर्साइनबीच हुनेछ ।

सोमबार सम्पन्न खेलमा वडा नं. ७ मन्सापुरलाई ५ विकेटले पराजित गर्दै वडा नं. ४ कोइलाडी फाइनलमा प्रवेश गरेको हो । यसअघि नै वडा नं. को. बर्साइन फाइनलमा प्रवेश भइसकेको छ ।

गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाका अनुसार शनिबार वडा नं. ४ कोइलाडी र वडा नं. ५ को. बर्साइनबीच फाइनल खेल हुनेछ ।

टस जितेर ब्याटिङ्ग गरेको मन्सापुरले कमजोर ब्याटिङ्ग प्रदर्शन गर्दा निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १०१ रन मात्र बनाउन सक्यो । मन्सापुरका लागि सुवेश मण्डलले सर्वाधिक ३५ रन बनाए भने महेश मण्डलले अविजित २८ र चेतन यादवले १८ रन बनाए । कोइलाडीका लागि रोशन मण्डलले २ तथामो. गुड्डु र बिहारी मण्डलले १/१ विकेट लिए ।

जितको लागि १०२ रनको लक्ष्य पछ्याएको कोइलाडी टिम १६ ओभर २ बलमा ५ विकेट गुमाई विजयी हासिल गर्दै फाइनल प्रवेश गरेको हो । कोइलाडीका लागि देवेश मण्डलले अविजित २८, मो. गुड्डुले १५, रोशन मण्डलले ११ र जितेन पासवानले १० रनको योगदान दिए । मन्सापुरका लागि चेतन यादव र राजकुमार मण्डलले २/२ तथा देवकी नन्दन मण्डलले १ विकेट लिए । उक्त खेलमा कोइलाडीका रोशन मण्डललाई म्यान अफ द म्याच घोषित गरिएको प्रतियोगिता संयोजक ज्ञानेन्द्र कुमार यादवले बताए ।

# तीनै क्षेत्रमा ३३ दल र ३६ स्वतन्त्र गरी ६९ जनाको उम्मेदवारी

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

आगामी वैशाख १० गते आइतबार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि निर्धारण भएको निर्वाचन कार्यक्रम अनुसार सोमबार उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम तीन वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

निर्वाचन आयोगका उपसचिव एवं सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालद्वारा सोमबार जारि विज्ञप्तिमा चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा हुने उपनिर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रमा यही चैत १८ गते स्थापना भएका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गरिएको छ ।

चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ मा २४ जना, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा ९ जना र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ३६ जना उम्मेदवारहरूले उम्मेदवारी मनोनयन दर्ता गराउनु भएको छ । मनोनयन दर्ता गराउनेहरूमा ३३ जना दलको तर्फबाट र ३६ जना स्वतन्त्र गरी जम्मा ६९ जना उम्मेदवार रहेका छन् ।

# गैरकानुनी रुपमा सरुवा गरेको प्रति शिक्षक महासंघको गम्भिर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

नेपाल शिक्षक महासंघ सप्तरीले सप्तरीको विष्णुपुर गाउँपालिका १ स्थित फैजुल इस्लामियाँ थल्हीका प्रअ मो. शाहजहाँलाई गैरकानुनी रुपमा सरुवा गरेको प्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका जिल्ला अध्यक्ष दिनेश प्रसाद यादवद्वारा सोमबार जारि विज्ञप्तिमा मो. शाहजहाँलाई सोही पालिका वडा नं. ५ स्थित जनता राप्रावि कट्टीमा सरुवा र सो विद्यालयका प्रअ रामचन्द्र यादवलाई मदरसामा प्रअको जिम्मेवारी दिएको भन्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गैरकानुनी सरुवा गरेकोमा गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा धार्मिक प्रकृतीका विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई दुःख दिने नियतले सरुवा गर्नु भनेको परम्भपरागत धार्मिक विद्यालय संचालन निर्देशिका २०७९ तथा शिक्षा ऐन नियमावली विपरित रहेको ठहर गरिएको छ ।

साथै यस्ता कार्यले सामाजिक सद्भाव बिथोल्ने प्रयास र शिक्षाको गुणस्तरीयता माथी ठाडो प्रश्न चिन्ह खडा भएको भन्दै अविलम्ब त्यस्ता सरुवाहरु खारेज गर्न भन्दै विज्ञप्तिमा मार्फत जोडदार माग गरिएको छ ।

# सवारी दुर्घटनामा दुई महिलासहित चार जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरीमा आइतबार र सोमबार भएको विभिन्न सवारी दुर्घटनामा परि दुई महिलासहित चार जना घाइते भएका छन् ।

पछिल्लो पटक सोमबार जिल्लाको खडक नगरपालिका ११ वडा कार्यालयस्थित हुलाकी सडक खण्डमा ट्याक्टर मोटरसाइकलमा ठोकिदा श्रीमान श्रीमति घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको स.१त. १७०६ नं. को ट्याक्टरले बाटो काट्ने क्रममा सोहि दिशातर्फ जादै गरेको प्रदेश २-०१-००१- प.१६१६ नं. को मोटरसाइकलमा ठोकिन पुगेको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा मोटरसाइकल चालक बोदेबर्साईन ८ निवासी २२ वर्षिय पप्पु ठाकुर र पछाडी सवार उनकी श्रीमती २० वर्षिया मधु देवी ठाकुर घाइते भएका छन् । दुबै जनाको उपचार छिन्नमस्ता अस्पताल राजबिराजमा भईरहेको तथा ट्याक्टर र मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ । यता ट्याक्टर चालक फरार रहेकोमा खोजतलास जारि रिहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै आइतबार दिउँसो राजबिराज ८ स्थित सडकखण्डमा रुपनीबाट राजबिराज तर्फ आउदै गरेको स.१प.६४३३ नं.को मोटरसाइकल र बिपरित दिशाबाट जादै गरेको स.१ज.२६४ नं.को म्याजिक एक आपसमा ठोकिदा मोटरसाइकल चालक घाइते भएका छन् ।

घाइते हुनेमा राजबिराज ८ निवासी ६० वर्षिय प्रदिप चौधरी रहेको प्रहरीले जनाएको छ । उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भईरहेको तथा म्याजिकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । म्याजिक चालक फरार रहेकोले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

यसैगरि आइतबारै बोदेबर्साइन ५ शत्रुध्न चौकस्थित हुलाकी सडक खण्डमा पुर्वबाट पश्चिम तर्फ आउँदै गरेको स.९ प.४६१२ नं.को मोटरसाइकलले बिपरीत दिशाबाट जादै गरेको पैदल यात्रीलाई ठक्कर दिएको छ ।

ठक्करबाट बोदेबर्साइन ३ गौरा निवासी ४५ वर्षिया मदिना खातुन घाइते भएकी छिन् । उनको स्थानिय जिवन ज्योति अस्पतालमा उपचार भइहरेको छ ।

*दश हजार विदेशी...*

हकमा पटकपटक गरी बढीमा पाँच वर्ष र अन्य विदेशी श्रमिकको हकमा पटकपटक गरी बढीमा तीन वर्षका लागि श्रम इजाजत दिनेछ । छ महिनाको अवधिका लागि प्रतिव्यक्ति रू १५ हजार र छ महिनाभन्दा बढी अवधिका लागि प्रतिव्यक्ति रू २० हजार दस्तुर तिर्नुपर्ने निर्देशिकामा उल्लेख छ ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



जातीय विभेदको अन्त्य गरौं
➢ जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
➢ मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
➢ कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
➢ जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
➢ छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*